मिति २०७९।०४।२३ गते राष्ट्रिय किसान आयोगको आयोजनामा चर्को ब्याज दर "मिटर ब्याज" पिडित किसान र किसान संघ/संगठनहरु बीच छलफल तथा अन्तरकृया कार्यक्रम राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूको अध्यक्षतामा आयोगका नि. सदस्य सचिव श्री दुर्गा प्रसाद पण्डितज्यूले कार्यक्रम संचालन गर्नु भएको थियो । उक्त बैठकमा राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरु, गृह मन्त्रालयका सहसचिव श्री चक्रपाणी पाण्डेज्यू, विभिन्न संघ/संगठनहरुका प्रतिनिधिज्यूहरु, मिटर ब्याजबाट पिडित किसान मजदुर संघर्ष समितिका प्रतिनिधिज्यूहरु र पत्रकार एवं कर्मचारीहरुको सहभागिता रहेको थियो।

छलफल तथा अन्तक्रिया कार्यक्रममा मिटर ब्याजबाट पीडित किसान संघर्ष समितिका प्रतिनिधिज्यूहरुबाट नवलपरासी जिल्लाका किसान मजदुरहरु मिटर ब्याजबाट पिडित हुनु परेको र पिडित किसानको उद्धारको लागि सरकारद्धारा उच्चस्तरीय छानविन समिति गठन गर्नु पर्ने माग राख्नु भयो । सहभागीहरुबाट उक्त समस्याका समाधानका लागि नेपाल सरकारबाट उचित पहल हुनु पर्ने धारणा ब्यक्त गर्नु भयो ।

छलफल तथा अन्तरक्रिया कार्यक्रममा गृह मन्त्रालयको सहसचिव श्री चक्रपाणी पाण्डेज्यूको ध्यानकर्षण भएको र आवश्यक सहजीकरण गर्ने प्रतिवद्धता जनाउदैं कार्यक्रमका अध्यक्ष एंव राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूले पिडित किसानहरुको माग सम्बोधन गर्न राष्ट्रिय किसान आयोगले खेल्ने भुमिका बारे प्रष्ट पार्नु भयो । नेपाल सरकारका अन्य निकायहरुसँग उक्त समस्या समाधानका लागि आवश्यक समन्वय र सहजीकरणको लागि राष्ट्रिय किसान आयोगबाट आवश्यक पहल गर्ने प्रतिवद्धता जाहेर गर्नु भयो र कार्यक्रममा सहभागी हुनु भएकोमा सम्पूर्ण सहभागीहरुललाई धन्यवाद दिदैं कार्यक्रमको समापन गर्नु भयो।




चर्को ब्याज दर "मीटर ब्याज" पिडित किसान
र किसान संघ/संगठनहरु बीच
छलफल तथा अन्तरक्रिया कार्यक्रम
राष्ट्रिय किसान आयोग
सदस्य
सदस्य सचिव
अध्यक्ष




सदस्य
सदस्य


सदस्य
सदस्य


चर्को ब्याज दर "मीटर ब्याज" पिडित किसान
र किसान संघ/संगठनहरु बीच
छलफल तथा अन्तरक्रिया कार्यक्रम


समृद्ध नेपालको शान: अधिकार सम्पन्न किसान
चर्को ब्याज दर "मीटर ब्याज" पिडित किसान
र किसान संघ/संगठनहरु बीच
छलफल तथा अन्तरक्रिया कार्यक्रम
स्थान: राष्ट्रिय किसान आयोगको सभाहल, कीर्तिपुर ।
आयोजक:
सदस्य सचिव
अध्यक्ष
सदस्य